## सम्वत् २०८३ साल असार १ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. आर्थिक मामिला तथा योजना मन्त्रालयः आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी विधेयक र संलग्न कागजात प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. पर्यटन, वन तथा वातावरण मन्त्रालय: केचना-कञ्चनजंगा पर्यटन विकास समितिको कार्यकारी निर्देशक (सदस्य-सचिव) को रुपमा अर्को व्यवस्था नभए सम्मका लागि कामकाज गर्ने गरी उपसचिव कृष्ण कुमार न्यौपानेलाई खटाउने।

## सम्वत् २०८३ साल असार ३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ को दफा ७ को उपदफा (२) को खण्ड (ट) र उपदफा (८) बमोजिम प्रा.डा. रमेश कुमार ढुङ्गेलको स्थानमा रिक्त रहेको परिषद् सदस्य पदमा तुलसी प्रसाद न्यौपाने (ठेगानाः चैनपुर न.पा.-६, संखुवासभा) लाई मनोनयन गर्ने।

## सम्वत् २०८३ साल असार १५ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. प्रदेश योजना आयोग, कोशी प्रदेशको रिक्त सदस्य पदमा जिल्ला सुनसरी, वराहक्षेत्र नगरपालिका वडा नं. २ निवासी अनिल थापालाई नियुक्त गर्ने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालय: नेपालको संविधान अनुसार कोशी प्रदेश सभाबाट २०७५ सालमा जारी भएको प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन कोशी प्रदेश सभाबाट नै खारेज वा संशोधन नभएसम्म सोही ऐन नै लागू हुने भएकोले प्रदेश सभाका पदाधिकारीको अनुसूची-१ बमोजिमको पारिश्रमिक तथा अनुसूची-२ बमोजिमको सुविधा नै लागू हुने भएकोले सोही अनुसार नियमित गर्न गराउन आर्थिक मामिला तथा योजना मन्त्रालय तथा कोशी प्रदेश सभा सचिवालयलाई लेखी पठाउने।

३. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक कोशी प्रदेश सभा समक्ष पेस गर्न स्वीकृत गर्ने।

४. सामाजिक विकास मन्त्रालय: प्रदेश खेलकुद (पहिलो संशोधन) अध्यादेश, २०८३ लाई प्रतिस्थापन गर्न बनेको विधेयक" सामाजिक विकास मन्त्रीले कोशी प्रदेश सभामा प्रस्तुत गर्ने।

## सम्वत् २०८३ साल असार २४ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. कोशी प्रदेश वन (पहिलो संशोधन) नियमावली, २०८३ लाई मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेस गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

२. ग्रामिण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति) को क्षतिपूर्ति निर्धारण तथा वितरण निर्देशिका, २०८३ लाई मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पेस गर्ने।

<u>सम्वत् २०८३ साल असार २९ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:</u>

१. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका लागि पूर्वस्वीकृति प्रदान गर्ने।

२. स्वास्थ्य मन्त्रालय, कोशी प्रदेशको प्रदेश सचिव पदमा सहसचिव श्री कृतिपाल सुवेदीलाई पदस्थापन गरी कामकाजमा खटाउने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान गठन गर्ने।

४. कोशी प्रदेशमा उत्पादित वस्तुको निर्यात सम्भावना अध्ययन कार्यदल गठन सम्बन्धी अवधारणापत्र स्वीकृत गर्ने प्रस्तावको सम्बन्धमा भएको निर्णयको व्यहोराः-

"(क) "कोशी प्रदेशमा उत्पादित वस्तुको निर्यात सम्भावना अध्ययन कार्यदल गठन सम्बन्धी अवधारणापत्र" स्वीकृत गर्ने।

(ख) "कोशी प्रदेशमा उत्पादित वस्तुको निर्यात सम्भावना अध्ययन कार्यदल गठन सम्बन्धी अवधारणापत्र" कार्यान्वयनका लागि प्रदेश योजना आयोग, कोशी प्रदेशलाई लेखि पठाउने।"

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*